## सम्वत् २०८० साल मंसिर १२ गते बसेको ५औं कार्यपालिका बैठकका निर्णयहरुः

**बैठकका प्रस्तावहरूः**

१. कार्यविधी पारित सम्बन्धमा।
२. अस्पतालको जग्गा प्राप्ति सम्बन्धमा।
३. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन पारित सम्बन्धमा।
४. गत आ.व. २०७९/०८० को बाँकि भुक्तानी दिने सम्बन्धमा।
५. लुङ्ग्री गाउँपालिकाको लोगो पारित सम्बन्धमा।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।
७. समसामयिक विषय सम्बन्धमा।

**निर्णयहरुः**

१. **कार्यविधि पारित सम्बन्धमाः लुङ्ग्री गाउँपालिकाको तपशिल बमोजिमको कार्यविधि पारित गर्ने।**
(क) लुङ्ग्री गाउँपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) व्यवस्थापन एवं सञ्चालन कार्यविधि, २०८०
(ख) लुङ्ग्री गाउँपालिकाको युवा उद्यमशलता विकास अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८०
(ग) सुपथ मूल्य पसल संचालन कार्यविधि, २०८० छलफल गरी आगामी बैठकमा पारित गर्ने ।

२. **अस्पतालको जग्गा प्राप्त सम्बन्धमाः** १५ शैयाको अस्पताल निर्माणानार्थ जग्गा प्राप्तिको लागि ७ वटै वडाका वडा अध्यक्षहरु समावेश रहेको देहायको अध्ययन कार्यदल गठन गरी ५ दिन भित्र उपयुक्त जग्गा सिफारिस सहितको प्रतिवेदन पेश गर्ने।

देहायः

अस्पतालको जग्गा अध्ययन कार्यदलः-

| | | |
|---|---|---|
| ५ नं. वडाका वडा अध्यक्ष, श्री रिख बहादुर रोका | - | संयोजक |
| १ नं. वडाका वडा अध्यक्ष, श्री गणेश पुन | - | सदस्य |
| २ नं. वडाका वडा अध्यक्ष, श्री अमृत बहादुर घर्ति | - | सदस्य |
| ३ नं. वडाका वडा अध्यक्ष, श्री नेम बहादुर खड्का | - | सदस्य |
| ४ नं. वडाका वडा अध्यक्ष, श्री विरबल खड्का | - | सदस्य |
| ६ नं. वडाका वडा अध्यक्ष, श्री जोख बहादुर बुढथोकी | - | सदस्य |
| ७ नं. वडाका वडा अध्यक्ष, श्री हिरा बहादुर पुन | - | सदस्य |
| सब-ईन्जिनियर, श्री टेकेन्द्र घर्तीमगर | - | सदस्य सचिव |

३. **संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन पारित सम्बन्धमाः** लुङ्ग्री गाउँपालिका वडा नं ६ अन्तर्गत डाराखण्ड सामुदायिक वन देखि ज्योती आ.वि. मोटरबाटो खण्ड (२.५ कि.मी.) निर्माणको लागि गत आ.व. २०७९/०८० मा सम्पन्न भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन पारित गर्ने।

४. **गत आ.व. २०७९/०८० को बाँकि भुक्तानी दिने सम्बन्धमाः** गत आ.व. २०७९/०८० को भुक्तानी बाँकी रहेका देहायका कार्यक्रमहरुको भुक्तानी दिने।
(क) दशै तथा तिहारको अवसरमा लुङ्ग्री गाउँपालिका भित्र रहेका प्रहरी चौकीहरु (किलाचौर प्रहरी चौकी, सिर्प प्रहरी चौकी र गुम्चाल प्रहरी चौकी)लाई प्रति प्रहरी चौकी रु. २०,०००।०० (अक्षरेपी बिस हजार) का दरले विविध खर्च (खर्च शिर्षक२२७११)बाट भुक्तानी दिईएको सहयोग रकम रु. ६०,०००।०० (अक्षरेपी साठी हजार रुपैयाँ) अनुमोदन गर्ने।
(ख) क्रमागत योजना ५ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणको दोस्रो प्राविधिक नापि किताब बमोजिम भुक्तानी दिनुपर्ने रकम भैपरी तथा गाउँपालिकाको क्रमागत योजना भुक्तानी (बजेट शिर्षक ३१५११) बाट वडा नं. ५ कार्यालय भवन निर्माण क्रमागत (खर्च शिर्षक३१११२)मा रकमान्तर गरी भुक्तानी दिने।

(ग) क्रमागत योजना जनता प्रा.वि. विद्यालय भवन निर्माणको दोस्रो प्राविधिक नापि किताब बमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने रकम भैपरी तथा गाउँपालिकाको क्रमागत योजना भुक्तानी (बजेट शिर्षक ३१५११) बाट क्रमागत योजना जनता प्रा.वि. विद्यालय भवन निर्माण (खर्च शिर्षक३१११२) मा रकमान्तर गरी भुक्तानी दिने।

(घ) गाउँपालिका प्रशासनिक भवन निर्माण कार्य गाउँपालिका र स्थानीय पूर्वाधार विकास प्राधिकरणको साझेदारीमा सञ्चालन भएपनि स्थानीय पूर्वाधार प्राधिकाणबाट समयमा रकम निकासा नहुदाँ बजेट अभावमा भवन निर्माण कार्य रोकिने अवस्था आएको हुँदा सम्झौता बमोजिम संघीय सरकारबाट प्राप्त हुनुपर्ने बजेट पछि निकासा भएमा गाउँपालिकाको खातामा सोधभर्ना हुनेगरी तत्कालको लागी तेस्रो प्राविधिक नापी किताव बमोजिम भुक्तानी दिन बाँकी मध्य रु ४०,००,०००/-(अक्षरेपी चालिस लाख रुपैयाँ) भैपरी तथा गाउँपालिकाको क्रमागत योजना भुक्तानी (बजेट शिर्षक ३१५११)बाट गाउँपालिकाको प्रशासनिक भवन निर्माण (खर्च शिर्षक ३१११२)मा रकमान्तर गरी भुक्तानी दिने।

(ङ) हार्जङ सामुदायिक सिकाइ अध्यापनरत शिक्षिकाको गत आ.व. २०७९/०८० को अन्तिम ६ महिनाको तलव रु. ४८,०००।०० (अक्षरेपी अठ्चालिस हजार रुपैयाँ) मात्र भुक्तानी हुन बाँकी रहेकोले तलव रकम संघीय चालु अनुदानको प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान(खर्च शिर्षक२५३११)बाट भुक्तानी दिने।

(च) लुङ्ग्री गाउँपालिका वडा नं ६ अन्तर्गत डाराखण्ड सामुदायिक वन देखि ज्योती आ.वि. मोटरबाटो खण्ड (२.५ कि.मी.) निर्माणको लागि गत आ.व. २०७९/०८० मा सम्पन्न भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको बिल बमोजिमको रकम पूँजीगत अनुसन्धान तथा परामर्श (खर्च शिर्षक३११७२)बाट भुक्तानी दिने।

(छ) गाडीधनी भिउसर पुनमगरको गाडी गत आ.व. २०७९/०८० मा योजना अनुगमनको लागि भाडामा लिएको र सम्झौता बमोजिम भुक्तानी दिन बाँकी भाडा रकम सवारी साधन तथा मेसिनरी औजार भाडा (खर्च शिर्षक२२१४३)बाट भुक्तानी दिने।

(ज) यस गाउँपालिकामा रहेको अतिरिक्त हुलाक कार्यालय भवन र गोठेचौर सामुदायिक स्वास्थ्य इकाई भवनको गत आ.व. २०७९/०८० को पछिल्लो ६ महिनाको घरभाडा सम्झौता बमोजिम घरभाडा(खर्च शिर्षक २८१४२) भुक्तानी दिईएको बाँकी रकम रु २०,०४०।-(अक्षरेपी चौध हजार चालीस रुपैयाँ) अनुमोदन गर्ने।

(झ) इलाका प्रहरी चौकी सुलिचौरबाट माग भएबमोजिम तहाँ कार्यालयको गाडीको टायर फेरे वापतको बिल बमोजिमको रकम रु ३००००/-(अक्षरेपी तिस हजार रुपैयाँ) मात्र सवारी साधन मर्मत (खर्च शिर्षक २२२१३) बाट भएको भुक्तानी अनुमोदन गर्ने।

(ञ) यस गाउँकार्यपालिकाको मिति २०८०/०६/१४ को वैठकले आ.ब.०८०/८१मा बिनियोजन भएको सडक तथा पुर्वाधार मर्मत सुधार शिर्षकको अबण्डा बजेटलाई गाउँपालिका भित्रका विभिन्न सडक मर्मतको लागि ४ वटा रुटमा विभाजन गरी रुट बमोजिमको लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन अनुसार सडक मर्मत गर्ने निर्णय गरेकोमा ती ४ रुटहरु तपशिल बमोजिमका हुनेः

१) सेला-वझेरा-सालडाँडा-वडा नं ४ को कार्यालय-माझिरा-लिबाङगैरा हुँदै सर्पा मो.बा. मर्मत
२) तल्लोसिर्प-पाँचखाई-गद्देखोला-रिङरोड हुँदै टावर मो.बा. मर्मत।
३) किलाचौर - लालुबाङ - आलिबाङ हुदै दाइबाङ सम्म र आलिबाङ — डीम्स गरगरे — राजिपाटी हुदै हार्जङ मो.बा. मर्मत।
४) किलाचौर — पिपलचौर — गर्मी — तल्लोसेवार हुदै बेरी सम्म मो.बा. मर्मत ।

५. **लुङ्ग्री गाउँपालिकाको लोगो पारित सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको कार्यपालिकाको मिति २०७९/०९/२१ गते बसेको वैठकको प्रस्ताव/निर्णय नं ३ बमोजिम श्री बालाराम बिष्टले पेश गरेको लुङ्ग्री गाउँपालिकाको पहिचान सहितको लोगो छनौट भई परिमार्जन गर्न सुझाव दिइएकोले उक्त परिमार्जित लुङ्ग्री गाउँपालिकाको पहिचान सहितको लोगो पारित गरी कार्यान्वयन गर्ने।

६. **प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमाः** प्रधानमन्त्री रोजगार कार्यक्रमको EMIS प्रणालीमा प्रविष्ट भएका सुचिकृत श्रमिकको सुचि स्वीकृत गरी सुची सार्वजनिक गर्ने र वडागत प्राथमिकीकरण श्रमिक संख्या, अनुमानित बजेट र अनुमानित योजना संख्या देहाय अनुसार निर्धारण गर्ने:

देहायः

| वडा नं. | प्राथमिकिकरण श्रमिक संख्या | अनुमानित बजेट रु. | सम्पन्न गरिने अनुमानित योजना संख्या |
|---|---|---|---|
| १ | ९ | ६०१२०० | १ |
| २ | १२ | ८०१६०० | २ |
| ३ | ६ | ४००८०० | १ |
| ४ | ७ | ४६७६०० | १ |
| ५ | २५ | १६७०००० | ३ |
| ६ | ९ | ६०१२०० | १ |
| ७ | ६ | ४००८०० | १ |
| जम्मा | ७४ | ४९४३२०० | १० |

७. **समसामयीक विषयका सम्बन्धमाः**

(घ) जाजरकोट र पश्चिम रुकुमका भुकम्प पिडितहरुको सहयोगका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आ.व. ०८०/०८१ मा विजियोजित बजेट शिर्षक सामाजिक/आर्थिक सहायता (खर्च शिर्षक२५३१५) बाट रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैयाँ) आर्थिक सहयोग प्रदान गर्ने।

(ङ) नेपाल सरकारले स्वीकृत गरेको मृगौला प्रत्यारोपण गरेका, **डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८** बमोजिम हाल सम्म यस पालिकामा संकलित निवेदनको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट शोधभर्ना लिने गरी पालिकाको आन्तरिक स्रोतबाट लाभग्राहीहरुलाई मासिक पाँच हजार रुपैयाँका दरले त्रैमासिक रुपमा भुक्तानी दिने।

(च) नेत्र संघको शिविर सञ्चालनको लागि आवश्यक सहयोग गर्ने।

(छ) कार्यपालिका वैठक नियमित ठिक बिहानको ११ बजे बस्ने।

(ज) लुङग्री गाउँपालिका वडा नं ५ को कार्यालय भवन र श्री जनता प्रा.वि. भवनको क्रमागत अनुदान भुक्तानी गर्ने।

(झ) कृषि तथा पशु सेवा शाखाको नियमित सेवाको लागि रु. १० दर्ता शुल्क लिने।

(ञ) चालु आ.व. २०८०/०८१ को उपभोक्ता समितिहरु मार्फत संचालन गरिने योजनाहरु कार्यन्वयनका लागि पौष १५ गते भित्र योजना सम्झौता गर्ने।

(ट) चालु आ.व. २०८०/०८१ को बहुक्षेत्रीय पोषण कार्यक्रमहरु वडा नं ६ मा संचालन गर्ने।

निर्णय प्रमाणित गरिएको छ।